जिरी नगरपालिका, दोलखा
बागमती प्रदेश, नेपाल
२०७९

जिरी नगरपालिकाको दशौं नगर सभामा
नगर प्रमुख
मित्र बहादुर जिरेल
द्वारा प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

(आर्थिक वर्ष: २०७९/०८०)

जिरी नगरपालिका

**सम्मानित नगर सभाका सदस्यज्यूहरु,**
**उपस्थित कर्मचारी वर्ग र अन्य महानुभावहरू,**

**सर्वप्रथम म यहाँहरु सवैलाई यस जिरी नगरपालिकाको दशौं नगर सभा अधिवेशनमा हार्दिक स्वागत तथा न्यानो अभिवादन गर्न चाहन्छु।**

जिरी नगरपालिकाको यस सम्मानीत नगर सभा समक्ष आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म अत्यन्त हर्षित छु। यस अवसरमा देशमा संघीय गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु। जनताको घर आँगनको आफ्नै सरकारको रुपमा स्थानीय सरकार गठन, निर्माण र सञ्चालन गर्न आ-आफ्नो स्थानबाट सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तिहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु र जिरी नगरपालिकाको शासन, विकास र सेवा प्रवाहको लागि आफ्नो अमूल्य मत दिई हामीलाई यो स्थानमा पुर्‍याउनु हुने सम्पूर्ण मतदाताहरू प्रति हार्दिक आभार व्यक्त गर्दै, मतदाताबाट प्राप्त माया, विश्वास र भरोसाको सम्मान तथा देशले प्राप्त गरेको उपलब्धिको रक्षा गर्दै र आफ्नो कर्तव्य निर्वाहमा यहाँको साथ र सहयोगका आधारमा कहिँ कतै विचलित नभई निरन्तर समर्पित भइरहने प्रतिज्ञा समेत व्यक्त गर्दछु।

स्थानीय सरकार सञ्चालनका सन्दर्भमा दोश्रो कार्यकालका लागि नव निर्वाचित हाम्रो यो समूहले भर्खरै कार्य प्रारम्भ गर्न गईरहेको व्यहोरा हामी सबैमा विदितै छ। विगतको कार्यकालमा जननिर्वाचित नेतृत्वले गरेका राम्रा र असल कार्यहरुलाई निरन्तरता दिदै बदलिँदो जन अपेक्षा, बढ्दै गइरहेका हाम्रा आवश्यकता र उपलब्ध सीमित श्रोत साधनको अन्यन्त विवेकपूर्ण विनियोजन तथा परिचालनको आधारमा अगाडि बढ्नु हाम्रो बाध्यता भएको छ। त्यति हुँदा हुँदै पनि तीन तहका सरकारवीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा कार्य संचालन गर्ने हाम्रो संवैधानिक व्यवस्थासमेत भएको हुँदा हाम्रा आवश्यकता र सीमितता हामी एक्लैको वाध्यता नभई संघीय र प्रदेश सरकारको समेत समान जिम्मेवारीको विषय भएको हुँदा हाम्रा यी समस्या समाधानका लागि विगत वर्षहरूमा जस्तै नेपाल सरकार र बागमती प्रदेश सरकारका तर्फबाट साथ सहयोग र समन्वय निरन्तर रुपमा पाइरहने छौँ भन्ने हाम्रो अपेक्षा रहेको छ।

**नगर सभा सदस्य ज्यूहरु,**

अब म सभासमक्ष, स्थानीय सरकार स्थापना भएपश्चात जिरी नगरपालिकामा संचालित महत्वपूर्ण गतिविधिहरु तथा उपलब्धिलाई संक्षेपमा उल्लेख गर्न चाहान्छु-

१. संघीय सरकारसँगको समन्वयमा जिरी-माली-श्यामा-पुम्पा सडकको स्तरोन्नति गरिएको।
२. प्रदेश सरकारसँगको समन्वयमा जिरी-फुलपिङ-झाँक्रे सडकको स्तरोन्नति गरिएको।
३. प्रत्येक वडामा कच्ची सडक, कृषि सडक लगायतका बाटोघाटोको ट्र्याक खोल्ने कार्य लगभग पूरा गरिएको। बजेटले भ्याएसम्म यस्ता सडकहरुको सोलिङ गर्ने, नाला बनाउने, ग्राभ्रेल गर्ने कार्यलाई तीव्र रुपमा संचालन गरी सडक यातायातमा वाह्रै महिना पहुँच पुगोस भन्ने उद्धेश्य राखी कार्य गरिएको।
४. यस नगरपालिकाको लिंकन बजार क्षेत्रलाई आधुनिक व्यापारिक हब बनाउने उद्धेश्यले निर्माण सुरु गरिएको सुविधासम्पन्न सपिङ कम्प्लेक्स भवन निर्माणको काम अन्तिम चरणमा पुगेको र सोको निर्माण पश्चात नगरपालिकाको आन्तरिक आयमा समेत बृद्धि भई नगरको विकास र सेवाप्रवाहमा स्रोतको उपलब्धता हुने विश्वास लिईएको।

५. बागमती प्रदेश सरकार र जिरी नगरपालिकाको साझेदारीमा निर्माण सुरु गरिएको ५०० मेट्रिक टन क्षमताको चिस्यान केन्द्रको निर्माण अन्तिम चरणमा पुगेको।

६. नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा स्टोन पार्क, टोनी हेगन पार्क, तेन्जिङ हिलारी पार्क, गुराँस पार्क, बुद्ध पार्क, कुथामे पिकनिक पार्क आदि पार्कहरुको निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटनको प्रबर्द्धनको लागि प्रयास गरिएको।

७. जिरी नगर क्षेत्रकै गौरवको आयोजनाका रुपमा रहेको जिरी तालको निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी थप निर्माणको प्रक्रिया अघि बढाउन प्रदेश सरकारसँगको समन्वयमा कार्य प्रारम्भ हुन गइ रहेको ।

८. चेर्दुङ एकिकृत पर्यटन विकास योजना अन्तरगत उक्त क्षेत्रमा सडक, यात्रु प्रतिक्षालय तथा सास्कृतिक सम्पदा निर्माण सहितका कार्यहरू सम्पन्न गरिएको ।

९. स्वच्छ र सफा जिरी कायम गर्ने प्रयोजनार्थ फोहोरको उचित व्यवस्थापन गर्न व्यवस्थित ल्याण्डफिल्ड साईट निर्माण कार्यको सुरुवात गरिएको ।

१०. भोलिको सुखी र सभ्य समाज निर्माण गर्ने दायित्व आजका बालबालिकामा हुने भएको हुँदा उनिहरूको सर्वाङ्गीण विकासका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै तोकिएका मापदण्डहरू पुरा गरी बालमैत्री जिरी नगर निर्माणको कार्य अगाडि बढाइएको ।

११. यस नगरपालिका मार्फत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमको गुणस्तरीयता सुनिश्चितताका लागि प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्ने गरिएको।

**नगर सभा सदस्य ज्यूहरु,**

१२. स्थानीय सेवा प्रवाहलाई जनमैत्री तथा प्रभावकारी बनाउन र संगठनको दरबन्दी निर्धारण तथा संगठनात्मक संरचना अद्यावधिक गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको ।

१३. जिरी नगरपालिका भित्रका ९ वटै वडा कार्यालयमा ईन्टरनेटको व्यवस्था गरी सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउने व्यवस्था मिलाइएको ।

१४. नगर उप-प्रमुखको नेतृत्वमा रहने न्यायिक समितिमा दर्ता भएकामध्ये ९९% उजुरी फछ्र्यौट गरी न्याय निरुपणमा नगरपालिकाको तदारुकता प्रष्ट पारी नगरपालिका प्रतिको नागरिकको भरोसा हासिल गरिएको ।

१५. मिति २०७७ श्रावण १ गते देखि प्रत्येक वडा कार्यालयमा Online मार्फत व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था मिलाईएको।

१६. आर्थिक वर्ष २०७७/०७८ को पहिलो चौमासिकबाट राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोके बमोजिमको Forward Feed तथा Reverse Feed को प्रयोग गरी बैङ्किङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई अझै प्रभावकारी ढंगले संचालन गर्ने व्यवस्था गरिएको।

१७. शारीरिक रुपले अशक्त तथा हिँडडुल गर्न नसक्ने सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुलाई तोकिएको बैङ्क तथा सम्बन्धित वडासँगको समन्वयमा वडा कार्यालयमार्फत नै भत्ता उपलब्ध गराउने व्यवस्था गरिएको ।

**नगर सभा सदस्य ज्यूहरु,**

१८. व्यावसायिक तरकारी खेतीका लागि प्लाष्टिक टनेल निर्माण गर्न कृषक, कृषक समूह, फर्म तथा सहकारीहरुलाई प्लाष्टिक टनेल अनुदानमा वितरण गरिएको ।

१९. वडागतरुपमा फलफूल खेती विस्तारका लागि विभिन्न जातका, कागती, किवी, टिमुर, आदिका विरुवा अनुदानमा वितरण गरिएको ।

२०. किसानहरुको माग अनुसार कृषि प्रविधि विस्तार तथा प्राविधिक सहयोगको लागि कृषि प्राविधिक नियुक्त गरी घरदैलोमा प्राविधिक सेवा उपलब्ध गराईएको ।

२१. च्याउ खेतीका तथा प्राङ्गारिक कृषि फर्म स्थापनाका लागि सहायता उपलब्ध गराईएको ।

२२. नगरस्तरबाट मह उत्पादनको लागि मौरीको घार अनुदानको रुपमा उपलब्ध गराईनुका साथै वडास्तरबाट समेत यस प्रकारका थप कार्यक्रम सञ्चालन गरिएको ।

२३. कृषकको माग बमोजिम मिनिटिलर, थ्रेसर मेशिन, आइरन टनेल, हाते च्यापकटर, किविका विरुवा, आलुको विउ, किविका थाङ्ग्रा, सिकेचर लगायतका कृषि सामाग्रीहरू अनुदानमा वितरण गरिएको ।

२४. ६०० भन्दा बढी पशुहरुमा कृतिम गर्भाधानको सेवा उपलब्ध गराईएको ।

२५. माछा पालन कार्यक्रममार्फत किसानहरुलाई ५०% अनुदानमा स्थानीय जातको माछा उपलब्ध गराईएको ।

२६. कृषकहरुलाई व्यवसायिक बंगुर पालनको लागि प्रोत्साहन गरी अनुदान उपलब्ध गराईयो ।

२७. जिरीको पहिचानको रुपमा रहेको आलु तथा किवी खेतीलाई व्यवसायिक रुपमा अगाडि बढाउन पर्याप्त कार्यक्रम सञ्चालन गरिएको ।

**नगर सभा सदस्य ज्यूहरु,**

२८. चालु आर्थिक बर्ष २०७८।०७९ को समिक्षा अवधिसम्म जिरी नगरपालिकाको सबै स्वास्थ्य संस्थाबाट ओ.पि.डि सेवामा १५६०९ जनालाई, खोप क्लिनिकमा ११०४ जनालाई, गाउँघर क्लिनिकमा १२४७ जनालाई र महिला स्वास्थ्य स्वयम सेविका मार्फत ३९१५ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको ।

२९. नगरको कुल जनसंख्यामा १०,१७६ जनालाई दोश्रो मात्रा र ६३५४ जनालाई तेश्रो मात्रा कोभिड १९ बिरुद्धको खोप उपलब्ध गराउनुका साथै १५ महिना देखि १५ बर्ष उमेर समूहका बालबालिकाहरु मध्ये ३३११ जनालाई टाईफाईड विरुद्धको खोप उपलब्ध गराईएको।

३०. जिरी अस्पताललाई ५१ शैया क्षमतामा संचालन गर्ने गरी पूर्वाधार निर्माण गरिएको।

३१. ५ वर्ष मुनिका बालकालिकाको पोषणका क्षेत्रमा सुधार ल्याउन पोषण पुनर्स्थापना केन्द्र स्थापना गरी भरपर्दो सेवा उपलब्ध गराइएको ।

३२. जिरी नगरपालिका वडा नं. २, ७ र ८ मा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्नुका साथै त्यसको निम्ति भवन निर्माणको कार्य अन्तिम चरणमा पुर्‍याइएको ।

३३. जिरी अस्पताल र श्यामा स्वास्थ्य चौकीमा स्थापना गरिएको वर्थिङ सेन्टरको लागि अत्याधुनिक मेशिन औजार तथा मानव संसाधनको व्यवस्था गरिएको ।

३४. HI को सहकार्यमा जिरी अस्पतालमा फिजियोथेरापीसेवा सञ्चालनमा ल्याईएको।

३५. तिलगंगा आँखा अस्पतालसँगको समन्वयमा वार्षिक रुपमा निशुल्क विशेषज्ञ सेवाको उपलब्धता हुने व्यवस्था गरिएको ।

३६. जिरी अस्पतालमा डेण्टल सेवा संचालनमा ल्याईएको ।

३७. आमा र नवजात शिशुको पोषण स्तरमा सुधार ल्याउन तथा मातृशिशु मृत्युदर घटाउन प्रत्येक सुत्केरी आमाहरुलाई पोषण भत्ता स्वरुप रु. २५००/- उपलब्ध गराउने कार्यलाई निरन्तर रुपले अगाडि बढाईएको।

३८. आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा चीन सरकार, छन्दु नगरपालिकासँगको समन्वयमा करिब एक करोड पचास लाख बराबरको स्वास्थ्य सामाग्री ल्याई वितरण गरिएको।

**नगर सभा सदस्य ज्यूहरु,**

३९. अधिकांश माध्यमिक विद्यालयहरुमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाको व्यवस्था गरिएको।

४०. ३ वटा सामुदायिक विद्यालयबाहेक सबै विद्यालयमा घेराबार लगाउने कार्य सम्पन्न गरिएको।

४१. १६ वटा विद्यालयहरुमा MGML कक्षा विस्तार गरिएको।

४२. ५ वटा विद्यालयहरुका प्राथमिक तहमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउने व्यवस्था गरिएको।

४३. Calls Over Ridges, Nepal सँगको सहकार्यमा दुईवटा माध्यमिक विद्यालयहरुमा विद्यार्थी आवतजावतको लागि विद्यालय बसको व्यवस्था गरिएको।

४४. सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा ICT Lab को व्यवस्थापन गरिएको।

४५. स्थानीय पाठ्यक्रमको निर्माण गरी त्यसको सफलतापूर्वक कार्यान्वयन गरिएको गरिएको।

४६. एक शिक्षक-एक Laptop अवधारणा अनुरुप लागत सहभागिताको आधारमा शिक्षकहरुलाई Laptop वितरण कार्य सुरु गरिएको।

४७. Covid-19 संक्रमणको समयमा वैकल्पिक शिक्षण सिकाईद्वारा पठनपाठन सुचारु गरिएको।

४८. प्रत्येक वर्ष उत्कृष्ट नतिजा हासल गर्ने विद्यार्थी र उत्कृष्ट नतिजाका आधारमा विषयगत शिक्षक-शिक्षिकाहरुलाई पुरस्कृत गर्ने कार्यलाई नियमित गरिएको।

४९. विद्यार्थीहरुको शारीरिक र बौद्धिक क्षमता विकासको लागि नियमित रुपमा विभिन्न खेलकुद लगायतका अतिरिक्त गतिविधिहरुको संचालन गर्ने गरिएको।

**नगर सभा सदस्य ज्यूहरु,**

अब म सभासमक्ष, आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु-

नगरद्धारा अवलम्बन गरिएको **"Clean Jiri, Green Jiri and Organic Jiri"** को दीर्घकालिन लक्ष्यलाई आत्मसाथ गर्दै आफ्नो समृद्धिको यात्रालाई अगाडि बढाउन देहायका नीतिहरू अवलम्बन गरिनेछः

### १. आर्थिक विकास सम्बन्धी नीति

### क) कृषि

१. विद्यमान परम्परागत कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न ज्ञान, सीप तथा प्रविधिको उपयोगमा जोड दिइनेछ।

२. कृषक/उद्यमी केन्द्रित र कृषक/उद्यमीमैत्री नीति निर्माणमा जोड दिइनेछ।

३. किवी, आलु, र तरकारी उत्पादनमा आत्मनिर्भरताका लागि संघीय र प्रदेश सरकारको सहयोगमा उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरि सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ।

४. राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको मागलाई मध्येनजर गर्दै अर्गानिक फर्म स्थापना गर्न प्रोत्साहित गरी जिरीलाई अर्गानिक खाना उपलब्ध हुने नगरको रुपमा विकास गरिनेछ।

५. खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरि कार्यान्वयन गरिनेछ।

६. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवं वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अवलम्वन र आधुनिकीकरण गरिनेछ।

७. सामुदायिक-नीजि अवधारणामा फलफूल तथा तरकारीको नर्सरी स्थापना गरि कृषकहरुलाई आत्मनिर्भर बनाईनेछ।

८. विद्यमान कृषि उपजलाई भण्डारण, प्रशोधन तथा बजारीकरण गर्न प्रदेश सरकारको साझेदारीमा निर्मित चिस्यान केन्द्र (Cold Store) लाई सञ्चालनमा ल्याइनेछ।

९. स्वदेशमा नै रोजगारी सृजना गरि युवा जनशक्तिको विदेश पलायन रोक्ने, विदेशबाट कृषि सम्बन्धी ज्ञान सीप र पुँजी सहित फर्केका युवाहरुलाई कृषि पेशामा आबद्ध गर्न कृषिमा युवा विशेष कार्यक्रम संचालन गरिनेछ।

१०. रासायनिक मल, रासायनिक विषादीहरुको असन्तुलित, अनियन्त्रित प्रयोग तथा त्यस्ता उत्पादित वस्तुहरुको उपभोगले जन स्वास्थ्य र पर्यावरणमा गम्भिर असर पार्ने हुनाले त्यसको नियन्त्रण गर्न ठोस योजना निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

११. गुणस्तरीय उत्पादन सामाग्री र कृषि यन्त्रीकरणका लागि कृषक मैत्री औजार, उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको लागि समन्वय गरिनेछ।

१२. सहकारी तथा समूहमा आधारित कृषि व्यवसायलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ।

१३. रैथाने बालीहरुको संरक्षण र प्रवर्दन गर्ने कार्यक्रम संचालन गरिनेछ।

१४. कृषि वीमाका लागि आवश्यक समन्वय एवं प्रोत्साहन गरिनेछ।

१५. नगरवासीहरूलाई कृषिमा आत्मानिर्भर गराउन कृषि क्षेत्रको विविधिरण, आधुनिकीकरण, बजारीकरण र यान्त्रीकरण मार्फत किसानको हक हित संरक्षण र सम्वर्दन गर्दै कृषिको उत्पादन र उपादकत्व बढाउन आवश्यक पहल गरिने छ।

**ख) पशुपालन**

१. पशुधन तथा मत्स्य वीमा सम्बन्धी कार्यक्रमको लागि समन्वय गरिनेछ।

२. चौरीपालक कृषकलाई सुलभ कर्जामा पहुँच, दाना उत्पादनमा सहजीकरण लगायतका सुविधा वृद्धि गरि चौरीपालन व्यवसायमा आकर्षित गरिनेछ।

३. नगर क्षेत्रभित्र रहेका सम्पूर्ण पशुपालक कृषकहरुको पशुपंक्षीहरुलाई पशु स्वास्थ्य उपचार सेवा उपलब्ध गराइनेछ।

४. नश्लसुधारको माध्यमले स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याइनेछ।

५. पशु आहारामा सुधार ल्याउन विभिन्न बहुवर्षीय घाँस खेती गर्ने, पशु चरणको व्यवस्था मिलाई डाले घाँसको विरुवा उत्पादन र वितरण गर्न आवश्यक नर्सरी स्थापना गरिनेछ।

६. पशुधन सुरक्षाको लागि विभिन्न रोगबाट बचाउन आकस्मिक खोप सेवाहरु संचालन गरिनेछ।

७. कृषकहरुले उत्पादन गरेको कृषि उपज तथा पशुजन्य पदार्थको बजारीकरणमा समन्वय तथा सहजीकरण गरिनेछ।

८. स्थानीय कुखुरा र बाख्राको व्यवसायीक उत्पादनमा प्रोत्साहित गरिनेछ। व्यवसायीक रुपमा बंगुर, हाँस लगायतका अन्य मासुजन्य तथा दुग्धजन्य उत्पादन बढाउन जोड दिइनेछ।
९. सहकारी तथा समूहमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।

**ग) पर्यटन**

१. यस नगरलाई सफा, स्वच्छ तथा हरित वातावरणीय प्राङ्गारिक खानाको स्वाद सहित विदा मनाउने गरि स्वदेशी तथा विदेशी पाहुनाको लागि आकर्षक गन्तव्यको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ।
२. बागमती प्रदेश सरकारको समेत सहकार्यमा वस्ती हरियाली तथा सौन्दर्यकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
३. स्थानीय नगरवासीलाई स्थानीय उत्पादनबाट अतिथि सत्कार गर्न प्रोत्साहित गरिनेछ। कृषि पर्यटन, पर्या पर्यटन, धार्मिक पर्यटन, शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन, सहकारी पर्यटन, होमस्टे आदिलाइ प्रोत्साहित गरिनेछ।
४. जिरी नगरपालिका भित्रका एकिकृत चेर्दुङ विकास, गुरु रिम्पोर्छे र जिरी ताललाई गौरवको आयोजनाको रुपमा लिई सो सम्बन्धी निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि वढाईनेछ।
५. जिरीको ऐतिहासिक चिनारी कामय राख्दै उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न संघीय र प्रदेश सरकार लगायत दातृ निकायहरूमा उपयुक्त पहल गरिनेछ।
६. जिरीमा स्वदेसी तथा विदेशी पर्यटहरूको आगमनलाइ व्यवस्थित ढंगले अगाडि बढाउन जिरी विमान स्थलको पुनर्निर्माण तथा स्तरोन्नती गरी सञ्चालनको लागि संघ र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिने छ।
७. पर्यटकीय गतिविधि बढाउने उद्देश्य राखी जिरी नगरपालिकाको आयोजना तथा जिरी उद्योग वाणिज्य संघको सह-आयोजनामा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न र पर्यटकलाई आकर्षिक गर्न जिरी महोत्सव सञ्चालन गरिने छ।

**घ) सहकारी**

१. सीप तथा आय आर्जनमा गोलवन्द गर्नको लागि महिला सहकारी, कृषि सहकारी, लघुउद्यम सहकारी गठन गर्न प्रोत्साहित गरि यस्ता संस्थाको संचालनमा नगरपालिकाबाट विशेष सहयोग गरिनेछ।
२. स्थानीय सहकारी सम्बन्धी क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
३. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्रथामिकता दिई मूल्य श्रृंखला पद्धति अनुसार उत्पादनदेखि बजारीकरण सम्मका कार्यक्रमहरु एकीकृत रुपमा संचालन गरिनेछ।
४. सहकारी सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संघ संस्थासंग समन्वय र सहकार्य गरिनेछ।
५. प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एवं उत्पादन वृद्धि गरि उत्पादित प्राङ्गारिक वस्तुको ब्राण्ड प्रवर्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्न सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ।
६. जिरी नगरपालिकाको सहकारी ऐन, २०७५ को मापदण्डभित्र रहनेगरि नगरभित्र भएका सहकारीहरु व्यवस्थित गरिनेछ। साथै नगरभित्रका सहकारीहरुको सूचिकरण अनुगमन, मूल्याङ्कन तथा नियमन गरिनेछ।
७. नगर भित्र कृषि, पशुपालन, पर्यटन आदिमा लागत साझेदारीमा सहकारीसँग सहकार्य गरिनेछ।

**२. संस्थागत विकास र सेवा प्रवाह सम्बन्धी नीति**

१. सेवा प्रवाह चुस्त, दुरुस्त, भरपर्दो र जनमुखी बनाउँदै नागरिकमैत्री सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखिनेछ।

२. न्याय सम्पादन कार्यमा पूर्ण अग्रसरता लिई न्यायिक प्रकृयालाई भरोसायोग्य बनाईनेछ। साथै समाजमा भएका सामान्य विवाद र द्वन्दलाई मेलमिलापको माध्यमद्वारा समाधान खोज्ने प्रयास गरिनेछ।

३. सम्पूर्ण कर्मचारीहरुको कार्यविवरण बनाई कार्यान्वयन गरिनेछ तथा त्यसैको आधारमा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ।

४. नगरपालिकाबाट स्वीकृत भएका ऐन, नियम, नीति, कार्यविधिलाई उच्च प्राथमिकताका साथ पालना गरिनेछ। स्वीकृत ऐन, नियम नगरपालिकाको वेभ साईटमा राखी सर्वसाधारणको जानकारीका लागि संप्रेशण गर्ने तथा समयानुकूल अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

५. ऐन, नियम तथा कार्यविधिलाई समयानुकूल हुनेगरि संसोधन तथा परिमार्जन गरिनेछ।

६. सार्वजनिक सम्पत्तिमा हुने अतिक्रमणलाई रोक्ने नीति अख्तियार गरिनेछ।

७. यस नगरबाट निर्माण सम्पन्न हुने हरेक योजनाको अनुगमनपश्चात् मात्र भुक्तानी दिने व्यवस्थालाई कडाईकासाथ लागू गर्ने पद्धतिको विकास गरिनेछ।

८. उपभोक्ताको सुविधा र काममा गुणस्तर कायम राख्नको लागि घुम्ती योजना सम्झौता प्रणाली लागु गरिनेछ।

९. कार्यालयमा विद्युतिय हाजिरी प्रणाली लागु गरिनेछ।

१०. नगरपालिकाबाट प्रवाह गरिने सेवाको गुणस्तर तथा प्रभावकारीताको अभिवृद्धि गर्न आवश्यक व्यवस्था गरिने छ।

**३. सामाजिक विकास नीति**

**क) धर्म संस्कृति रितीरिवाज तथा परम्परा**

१. यसनगर भित्र रहेका मन्दिर, गुम्बा, चर्च जस्ता ऐतिहासिक, सांस्कृतिक तथा पूरातात्विक सम्पदाको संरक्षण, संवर्धन र विकासलाई निरन्तरता दिन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२. समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायलाई न्यूनीकरणमा सहयोग पुऱ्याउने खालको जनचेतनामूलक कार्यक्रमको सञ्चालनलाई निरन्तरता दिइनेछ।

**ख) शिक्षा, युवा तथा खेलकुद**

१. आधारभूत शिक्षामा सबैको पँहुच सुनिश्चित गर्न आर्थिक रुपमा अति कमजोर परिवारका बालबालिकाको अध्ययनलाई सहज बनाउन छात्रवृत्ति दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२. शैक्षिक विकासको लागि दोस्रो चरणको नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ।

३. नगर शिक्षा ऐनको संशोधन तथा नगर शिक्षा नियमावली निर्माण गरि लागू गरिने छ। साथै शिक्षामा निजीक्षेत्रको लगानीलाई व्यवस्थित तथा नियमन गर्न आवश्यक निर्देशिका एवं कार्यविधि बनाई कार्यान्वयन गरिने छ।

४. चिन सरकारबाट निर्माण हुने जिरी माध्यमिक विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यको लागि आवश्यक पहल गरिने छ।

५. सबै माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गरिने छ।

६. अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुऱ्याउने खालका विगतका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

७. सामुदायिक विद्यालयहरुमा सञ्चालनमा रहेको बहुतह बहुस्तर सिकाइ (MGML) पद्धतिको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

८. सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरणको व्यवस्थालाई निरन्तरता दिईनेछ।
९. बिगत लामो समय गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्दै आईरहेको जिरी प्राविधिक शिक्षालय (JTS) को प्रशासनिक भवनको निर्माण सम्पन्न गरिने छ।
१०. Calls Over Ridges, Nepal र नगरको सहकार्यमा सामुदायिक विद्यालयरुमा कक्षा ७ देखि १० सम्म अध्ययनरत सबै विद्यार्थीहरुलाई दिवा खाजाको प्रबन्ध मिलाईने छ।
११. नगरभित्रका विद्यालयहरुमा विद्यमान नगर शिक्षा ऐनअनुरुप व्यवस्थापन समिति र हरेक वडामा शिक्षा समितिको गठन गरि व्यवस्थापन समिति तथा वडा शिक्षा समितिका पदाधिकारीहरु र विषयगत शिक्षकहरुको क्षमता विकास तालीम कार्यक्रम सञ्चालन गरिने छ।
१२. शैक्षिक गुणस्तर सहजिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको ब्यवस्था गरिनुका साथै नगर स्तरमा सर्वोत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थी, विद्यालय तथा शिक्षकहरुलाई थप प्रोत्साहित गर्न उपयुक्त मापदण्ड निर्धारण गरि पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।
१३. नगरस्तरमा लिइने आधारभूत तह उत्तीर्ण परीक्षालाई थप व्यवस्थित गर्नुका साथै अन्य कक्षा तथा तहको मूल्यांकन प्रणालीलाई समेत व्यवस्थित बनाइने छ।
१४. नगरपालिकाले अवलम्वन गरेको Clean Jiri, Green Jiri र Organic Jiri को दीर्घकालीन लक्ष्यको कार्यान्वयनलाई सघाउ पुर्याउन विद्यालयस्तरबाट विद्यार्थीहरुको परिचालन गर्ने, सचेतनामूलक कार्यक्रमहरुको सञ्चालन गर्ने, विद्यालयहरुमा फूलबारी निर्माण तथा वृक्षारोपण गर्ने जस्ता कार्यक्रमहरुलाई जोड दिई उत्कृष्ट हरित विद्यालयको मूल्याङ्कन तथा छनोट गरि पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।
१५. विद्यालय र समुदायमा सिकाइमैत्री वातावरण निर्माणमा सघाउ पुग्ने गरि शैक्षिक मेला तथा सम्मेलनको आयोजना गरिने छ।
१६. सचेत अभिभावक, निर्पूण विद्यार्थी निर्माणका लागि औपचारिक एवं वैकल्पिक माध्यमबाट अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।
१७. स्वस्थ, सक्षम र अनुशासित नागरिक निर्माणका लागि खेलकुद विकास गर्न एक वडा एक खेल मैदान र नगरस्तरीय एक रंगशाला र कभर्ड हल निर्माणका लागि आवश्यक पहल गरिनेछ।
१८. नगरभित्रका खेल प्रतिभाहरुको पहिचान, प्रवर्द्धन तथा विकासका लागि नगरस्तरमा विभिन्न खेलहरुको आयोजना गर्नुका साथै नगरभित्र र बाहिर आयोजित खेलहरुमा सहभागिताका लागि आवश्यक व्यवस्था मिलाइने छ। साथै युवाहरुलाई उद्यमी बनाउनको लागि प्रोत्साहित गरिनेछ।
१९. नगरपालिका स्थापना भएको दिनलाई खेलकुद दिवस घोषणा गरि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता लगायत विभिन्न खेलकुद कार्यक्रमहरुको आयोजना तथा खेल प्रतिभाहरुको सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ।

**ग) स्वास्थ्य**

१. बिगतको अनुभव, सिकाई र राष्ट्रिय तथा अन्तराष्ट्रिय बिधिको अनुसरण गरी स्थानिय स्तरमा मान्य हुने र गर्न सकिने कार्यको लागि नगरपालिका आफैं र आवश्यकताको आधारमा आन्तरिक तथा बाह्य सहयोगी संस्थाको समेत सहयोगमा कोभिड १९ लगायतका विभिन्न माहामारी तथा बिपद ब्यबस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

२. नेपालको ऐतिहासिक अस्पताल भनेर चिनिने जिरी अस्पताललाई जिरी नगरपालिका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कुनै केन्द्रिय अस्पताल/शिक्षण अस्पतालसँगको त्रिपक्षीय सम्झौताका आधारमा स्तरोन्नतरी गरि गुणस्तरीय सेवा प्रदान गरिने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

३. जिरी नगरपालिकालाई दुर्व्यसनमुक्त नगर बनाउन आवश्यक पहल गरिनेछ।
४. स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा नियमित सुचारु राख्न अत्यावश्यक स्वास्थ्य कर्मचारी, औषधी उपकरण आदिको व्यवस्था गरिने छ।
५. जिरी अस्पतालमार्फत जेष्ठ नागरिकको स्वास्थ्य प्रबर्दन तथा उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गर्ने र सम्बन्धित स्वास्थ्य संस्थामा सुत्केरी हुन/गराउन नसकोको परिस्थितिमा अन्यत्र प्रेषण गर्नु पर्ने बिपन्न गर्भवतीहरुलाई तोकिए बमोजिम एम्बुलेल्स सेवा संचालनलाई निरन्तरता दिइनेछ।
७. सुत्केरी महिला तथा नव जात शिशुको पोषण सुधारको लागि तोकिए बमोजिमको पोषण खर्च उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ।
८. बालबालिकाको पोषणको नियमित लेखाजोखा गरी शिघ्र कुपोषित बालबालिकालाई पोषण पुनस्थापना गृहमा भर्ना गरि उपचार गरिने कार्यलाई निरन्तरता दिइनेछ।
९. अन्य पालिकामा रहेका स्वास्थ्य संस्थाबाट प्रदान गरेका राम्रा र सफल कार्यक्रमको अनुशरण गरि जिरी नगरपालिकाको स्वास्थ्य संथालाई अझ सबल, सक्षम बनाउन महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य संस्था ब्यबस्थापन समितिका पदाधिकारी, कर्मचारीहरुको लागि आन्तरिक अबलोकन भ्रमण गराईने छ।
१०. स्वास्थ्य संस्थाको विविध पक्षको सुशासन कायम गर्न सबै स्वास्थ्य संस्थालाइ सुचना प्रबिधि मैत्री बनाइने छ।
११. स्वास्थ्य सम्बन्धि बिभिन्न सचेतना मुलक कार्यक्रम तथा अभिमुखिकरण गराईने छ।
१२. स्वास्थ्यकर्मीहरुको क्षमता तथा सिप बिकासको लागि बिभिन्न तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
१३. जिरी अस्पतालमा ICU कक्षको निर्माण तथा ब्लड बैकको स्थापनाको आवश्यक प्रक्रिया अगाडि बढाईने छ।

**घ) महिला, बालबालिका तथा जेष्ठ नागरिक**

१. शारीरिक रुपले अशक्त तथा हिँडडुल गर्न नसक्ने सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुलाई तोकिएको बैङ्क तथा सम्बन्धित वडासँगको समन्वयमा वडा कार्यालयमार्फत नै भत्ता उपलब्ध गराउने कार्यलाइ अझै प्रभावकारी ढंगले सञ्चालन गरिनेछ।
२. महिला सम्बन्धी विद्यमान कानुनहरुको अभिमुखीकरण, नगरस्तरीय नारी दिवसको आयोजना मार्फत् लैङ्गिक सचेतना अभिवृद्धि गर्दै लैङ्गिक हिंसाको न्यूनीकरण गरिने छ।
३. **"प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश"** भन्ने नारालाई प्राथमिकता दिई कार्यान्वयन गरिने छ। साथै जिरी नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यकीय कार्यक्रमहरु सञ्चालन गरिने छ।
४. बालअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न नगरस्तरमा बालसञ्जालको गठन तथा विद्यालयस्तरमा बालक्लवहरुको गठन गरि नगरपालिकामा दर्ता गराई विविध सचेतामूलक कार्यक्रमहरुमा सहभागी हुने व्यवस्था मिलाइने छ।
५. वि.सं. २०८० भित्रमा जन्म दर्तालाई शत प्रतिशन पुर्‍याउन नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतालाई टेवा पुर्‍याउने उद्देश्यले जन्म दर्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

६. ज्येष्ठ नागरिकहरुको सम्मान तथा सुविधाका लागि दिवा सेवा केन्द्र सञ्चालन गरिनेछ ।
७. ज्येष्ठ नागरिकहरुको हक हितको सम्मान तथा संरक्षणको लागि विभिन्न संस्थागत व्यवस्थाहरु गर्नुको साथै ज्येष्ठ नागरिकहरुको अभिनन्दन, नगरभित्रका स्वास्थ्य संस्थाहरुमा निशुल्क स्वास्थ्य सेवा लगायतका सेवाहरूलाई निरन्तरता दिइनेछ ।
८. नगरवाट प्रदान गर्दै आएको जेष्ठ नागरिक कार्ड वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**ङ) अल्पसंख्यक, दलित जनजाति तथा अपाङ्गता**

१. यस नगरपालिका भित्रको जनसंख्या सम्बन्धी सबै खाले तथ्याङ्क वडास्तरमा संकलन गरि गरिब तथा बेरोजगार, अल्पसंख्यक, दलित, जनजाति र अपांगता भएका व्यक्ति सम्बन्धी तथ्याङ्क वर्गीकरण तथा अभिलेख अद्यावधिक गरि लक्षित कार्यक्रमहरुको निर्माण तथा सञ्चालन गरिनेछ । त्यस्तै भूमिहिन तथा अव्यवस्थित बसोबासीको लगत संकलन गरी आवश्यक व्यवस्था गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।
२. नगरभित्रका अपांगता भएका व्यक्तिहरुको हक हितको संरक्षण गर्न अपाङ्गता भएका व्यक्तिको पहिचान गरि अपांगता परिचय पत्र वितरणको व्यवस्था मिलाई सहायता सामाग्रीहरुको व्यवस्था तथा सहायतामूलक तालीमको व्यवस्था गरिनुको साथै अपांग दिवस मनाउने कार्यको थालनी गरिने छ ।

**च) गैर सरकारी संघ संस्था**

१. नगरपालिका क्षेत्रमा कार्यरत गैरसरकारी संघ/संस्थाले संचालन गर्ने कार्यक्रममा आवश्यक समन्वय एवं नियमन गर्न संस्था परिचालन तथा व्यवस्थापन निर्देशिका बमोजिम गै.स.स.हरुको प्रोफाइल बनाइनेछ ।
२. नगरपालिकासँग योजना तथा कार्यक्रममा दोहोरोपन नआउने गरि योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
३. नगरपालिका भित्र क्रियाशील गैरसरकारी संघसंस्था वा व्यक्ति मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरस्तरीय अनुगमन संयन्त्र निर्माण गरि अनुगमनको व्यवस्था गरिनेछ ।
४. गैरसरकारी संघसंस्था वा व्यक्तिद्धारा नगरपालिकाभित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको अर्धवार्षिक तथा वार्षिक मूल्यांकन तथा समीक्षा गरिनेछ ।
५. नगरपालिका र गैरसरकारी संघसंस्था वा व्यक्ति बीच नगरभित्र हुने कार्यका सम्वन्धमा सहकार्य, समन्वय तथा सहजीकरण गरिनेछ ।
६. गैर सरकारी संघसंस्था वा व्यक्तिसँग लागत साझेदारीमा समेत योजना तथा कार्यक्रम संचालन गर्नका लागि म्याचिङ फण्डको व्यवस्था गरिनेछ । लागत साझेदारीमा समेत योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

**छ) सरसफाई तथा खानेपानी**

१. **"एक घर एक धारा"** भन्ने संघीय सरकारको नीतिलाई कार्यान्वयन गर्न प्रदेश तथा संघ सँग समन्वय गर्न आवश्यक पहल गरिनेछ । यस नगरको हकमा समेत आत्मसाथ गर्दै जाने नीति लिईनेछ ।
२. खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तर सुधारमा विशेष ध्यान दिईनेछ ।
३. खानेपानीका मुहान संरक्षण तथा गुणस्तर सुधारका लागि खानेपानी मुहान दर्ता लगायत अन्य संरक्षणात्मक तथा प्रबर्द्धनात्मक उपायहरुको अवलम्बन गरिनेछ।
४. फोहोरमैला व्यवस्थापनको लागि फोहरलाई कुहिने र नकुहिने फोहरमा वर्गीकरण गरि व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
५. नगरको सौन्दर्यता कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने नगरका खोला नाला तथा पानीका श्रोतमा प्रदूषित पानी तथा फोहरमैला फाल्ने कार्यलाई पूर्णतः नियन्त्रण गर्ने नीति लिईनेछ ।

६. प्रदेश सरकार तथा संघीय सरकारसंग आवश्यक समन्वय गरि नगरका प्रमुख शहरी क्षेत्रमा ढल निकास तथा फोहर पानीको प्रशोधन गर्ने व्यवस्थाका लागि पहल गरिनेछ।

**ज) युवा, श्रम तथा रोजगारी**

१. विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गर्दै उनीहरुको परिचालन गरी स्थानीय स्रोत, साधन र समयको उपयोग गर्दै उत्पादन, रोजगारी तथा आम्दानी बढाउनको लागि "**जिरी पौरखी युवा**" कार्यक्रम अगाडि बढाइने छ।

२. नगरभित्र लगानीमैत्री वातावरण निर्माण गरि लगानी भि त्र्याउने तथा युवा लक्षित सीपमूलक र व्यवसाय मूलक तालीम संचालन गरि युवाहरुलाई पर्याप्त रोजगारीको अवसर सिर्जना गर्ने नीति अख्तियार गरिनेछ।

३. नगरभित्र रहने हरेक श्रमिकको अधिकारको संरक्षण गर्दै श्रमको उचित सम्मान गर्ने व्यवस्था मिलाईनेछ।

४. गरिवि निवारण एवं स्वरोजगार सृजना गर्न संघीय सरकारको सहयोग एंव निर्देशिका अनुसार नयाँ उद्यमि सृजना गर्ने कार्यक्रम संचालन गरिनेछ।

५. संघीय सरकारद्वारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

६. महिलाहरूलाई चुलो चौकामा मात्र सिमित राख्ने पद्धतिको अन्त्य गर्दै उनीहरुमा अन्तरनिहित क्षमताको प्रस्फुटन गरी सीप वृद्धि गर्ने तथा आय आर्जनमा सहयोग पुर्‍याउने खालका सीपमुलक व्यावसाय सञ्चालन गर्नका लागि "**महिला उद्यमी"** कार्यक्रम सञ्चालन गरिनेछ।

**४. वित्तीय व्यवस्थापन तथा सुशासन नीति**

१. नगरवासी, राजनैतिक दल, नागरिक समाजको सल्लाह सुझावलाई सम्मान गर्दै विगत देखि लागू हुदै आएको एकिकृत सम्पत्ति करलाई पुन: संरचना गरि घर र घरले चर्चेको जग्गालाई मात्र एकिकृत सम्पत्ति कर लगाई बाँकी जग्गामा मालपोत कर लगाउने कानूनी व्यवस्थालाई निरन्तरता दिइनेछ।

२. नगरको शान्ति सु-व्यवस्था र अमनचयन कायम राख्न तथा अपराध अनुसन्धानमा महत्वपूर्ण भूमिका निर्वाह गर्न प्रदेश सरकार तथा नेपाल प्रहरीसंग आवश्यक सहकार्य गरिनेछ।

३. स्थानीय संचित कोष संचालन र व्यवस्थापनमा एकरुपता र मितव्ययिता कायम गर्न लागू भएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली SuTRA (Sub-national Treasury Regulatory Application) लाई प्रभावकारी ढंगले लागू गरिनेछ।

४. कार्यसम्पादनमा सूचकमा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ।

५. नगरक्षेत्र भित्र संचालित विभिन्न प्रकारका व्यवसायीहरुको लगत संकलन गरि व्यवसाय दर्ता गर्ने प्रकृयालाई व्यवस्थित गरिनेछ।

६. भएका वेरुजु फस्यौट गर्न अधिकतम प्रयास गरिनेछ तथा वेरुजु घटाउन उल्लेख्य सुधार गरिनेछ।

७. उपभोक्ता, कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ।

८. नगरको कर तथा गैरकर राजश्वको संभावनालाई आँकलन गरि आन्तरिक आम्दानी वृद्धि गर्न राजश्व सुधार कार्ययोजना कार्यन्वयन गरिनेछ।

९. नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशिल कर प्रणाली अबलम्बन गरिनेछ।

१०. नगरपालिकाको जिन्सी व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गरिनेछ।

११. बेरुजु फछ्र्यौट तथा सम्परीक्षणमा सहजताका लागि महालेखा परिक्षकको कार्यालयले प्रयोगमा ल्याएको NAMS को प्रयोग गरिनेछ।

१२. आर्थिक कारोबारहरूलाई सरल, सहज र भरपर्दो बनाउँदै सरकारी कारोबारमा मितव्यहिता तथा पारदर्शीता प्रवर्धन गर्न जिरी नगरपालिकामा सरकारी बैंक पुनःस्थापनाको लागि सम्बन्धित सरोकार वालाहरू सँग आवश्यक पहल तथा समन्वय गरिने छ

**५. पूर्वाधार विकास नीति**

**क) सडक तथा पदमार्ग**

१. नयाँ सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने र भैरहेका सडकको स्तर उन्नति गर्ने यस नगरको मौजुदा नीतिलाई निरन्तरता दिईनेछ।

२. नगरपालिका कार्यालयबाट सबै वडा कार्यालय जोड्ने सडकलाई बाह्रै महिना चल्नेगरि स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

३. नगरपालिका भित्रको मुख्य सडकबाट शाखा सडक खोल्दा नगरपालिकाको अनुमति विना खोल्न नपाईने नीतिलाई अवलम्वन गरिनेछ।

४. नगर विकास कोषको ऋण लगानीमा सञ्चालित सपिङ कम्प्लेक्सको निर्माण कार्यलाई पूर्णता दिइनेछ।

५. संघीय तथा प्रदेश सरकारको समन्वयमा नगरका मुख्य सडकमा पर्ने खोलाहरुमा मोटरेवल पुल तथा अन्य आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

६. नगरको उत्तर दक्षिण जोड्ने लाईफ लाईन मानिने **जिरी-माली-श्यामा सडक**लाई संघीय सरकारको समपूरक अनुदान तथा नगरलाई पूर्व-पश्चिम जोड्न महत्वपूर्ण भूमिका खेल्ने जिरी फुलपिङ झाँक्रे सडकलाई प्रदेश सरकारको साझेदारीमा निर्माण कार्य सम्पन्न गरिनेछ।

७. नगरको पार्किङ क्षेत्रलाई व्यवस्थित बनाउन उपयुक्त कार्य सञ्चालन गरिनेछ।

८. अधिकांश व्यक्तिहरूको आवतजावतको प्रमुख मार्गका रुपमा रहेको जिरी-माली-शैलुङ्ग-चेर्दुङ-भोर्ले सडको स्तरोन्नती गरी सवारी आगमनलाई सहज बनाइने छ।

**ख) विद्युत, उर्जा तथा संचार**

१. पुराना काठका पोलहरुलाई आईरन पोलले प्रतिस्थापन गर्न आवश्यक पहल गरिनेछ।

२. दुर संचारको पहुँच नपुगेको स्थानहरुमा नगर भित्र प्रदायकहरुको सहकार्यमा दूरसंचार सेवालाई भरपर्दो र नियमित गराई कार्यालयलाई प्रविधिमैत्री बनाईनेछ।

३. विद्युतको विकल्पको रुपमा सौर्य उर्जा/वैकल्पिक उर्जा प्रणालीलाई प्रवर्दन गरिनेछ।

**ग) भवन तथा अन्य संरचना**

१. निर्माण भएका वडा कार्यालय भवनलाई सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बनाईनेछ।

२. व्यवस्थित शहरी विकासका पूर्वाधार निर्माण गर्न प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिनेछ।

३. वडा कार्यालय स्वास्थ्य चौकी लगायतका निर्मित संरचनाहरूलाई आवश्यक मर्मत तथा सुधारका कार्य अगाडि बढाइनेछ।

४. आगामि दिनहरूमा निर्माण गरिने सार्वजनिक एवं सामुदायिक भवनहरू, बालमैत्री तथा अपाङ्ग मैत्री बनाउने नीति अख्तियार गरिनेछ।

**घ) उद्योग**

१. कृषि तथा जडीवुटीमा आधारित लधु उद्योग स्थापना गरि रोजगारीका अवसर सिर्जना गर्न प्रोत्साहन गरिनेछ।

२. नगरभित्रका सम्भाव्य खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमका लागि संघीय तथा प्रदेश सरकारको समन्वयमा अगाडि बढाईनेछ।

३. सहकारीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योग स्थापना गर्न विशेष जोड दिईनेछ।
४. स्थानीय स्तरमा उत्पादित वस्तुको व्रान्डिङ गरि निर्यात गर्न सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ।
५. स्थानीय जडीवुटी तथा उच्च मूल्यका फलफूल उत्पादनलाई प्रोत्साहन गरिनेछ।
६. स्थानीय श्रम र सिपको प्रयोग गर्दै होजियारी उद्योग प्रवर्द्धनका लागि उपयुक्त कार्य सञ्चालन गरिनेछ।
७. महिला ढाका बुनाई कार्यलाई निरन्तरता दिदै यसलाई व्यावसायिक रुपमा अगाडि बढाइनेछ।

## ६. वातावरण तथा विपद् व्यवस्थापन नीति

१. जिरीलाई हरित नगरको रुपमा विकास गरि प्रत्येक जिरी नगरवासीलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने आधार तय गर्न नगरवासीको साझेदारीमा वृक्षारोपण तथा वन संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
२. यस नगरले लिएको Clean Jiri, Green Jiri र Organic Jiri को दीर्घकालीन लक्ष्यलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई व्यापक रुपमा अगाडि बढाइनेछ। यसका लागि निम्न उपाय अवलम्वन गरिनेछ।
   क. प्रत्येक घरपरिवार तथा टोललाई फोहरलाई ३ भागमा वर्गीकरण गर्न प्रोत्साहित गरिनेछ।
   ख. फोहरमैलाको उचित व्यवस्थापन गर्न स्थायी संकलन र व्यवस्थापन केन्द्र निर्माणको लागि, जिरी नगरपालिका वडा नं. ६ स्थित देविथान किमाने सामुदायिक वन क्षेत्र भित्रको घुन्साली घाट छेउको पुरानो नर्सरी पाखामा ल्याण्डफिल्ड साईट निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ।
   ग. टोल टोलबाट वर्गिकृत फोहरलाई सवारी साधनको माध्यमवाट संकलन केन्द्रमा पुर्याई उचित व्यवस्थापनका उपाय अवलम्वन गरिनेछ।
   घ. टोल तथा वस्तीहरुलाई फोहरजन्य क्रियाकलाप गर्न निरुत्साहित गरिनेछ।
   ङ. घरपरिवार तथा टोलहरुलाई फोहरमैलाको उत्पादनमा कमी गर्ने, प्रशोधन गर्ने तथा पुन: प्रयोग गर्ने सम्वन्धी चेतना अभिवृद्धिको कार्यक्रम अगाडि बढाईनेछ।
   च. प्लास्टिकका सामानको प्रयोगलाई न्यूनीकरण गर्ने तथा प्लास्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोलामुक्त जिरी वनाउने कार्यमा टोल विकास समितिको सक्रियतालाई प्रोत्साहित गरिनेछ।
   छ. जिरी नगरलाई प्रदूषित बनाउन भूमिका खेल्ने प्लास्टिक पोल्ने तथा खाडलमा गाड्ने कार्यलाई पूर्णत निषेध गरिनेछ।
३. संयुक्त राष्ट्र संघको वातावरण सम्वन्धी कोष (GEF) अन्तर्गत पारिस्थितीकीय प्रणालीहरु संरक्षण गर्दै जीविकोपार्जन सुधार (EbAII) कार्यक्रम संचालन गरिनेछ। साथै जैविक विविधता, पर्यावरण तथा वातावरण संरक्षण सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम अगाडि वढाईनेछ। जसकालागि तालीम, गोष्ठी र सेमिनारका कार्यक्रम संचालन गरिनेछ।
४. स्वच्छ, सफा र हराभरा कायम राख्न खालीठाउँमा वृक्षारोपण गर्न पालिका हरियाली कार्यक्रम सञ्चालन गरी वातावरण मैत्री कार्यलाई उच्च प्रथामिकता दिइनेछ।
   क. हरेक घरपरिवारलाई घरपरिसरमा देख्ने ठाउँमा फूलहरु रोप्ने कार्यलाई प्रोत्साहित गरिनेछ।
   ख. हरियाली र सुन्दर टोल बनाउन प्रोत्साहित गर्न उत्कृष्ट टोललाई पुरस्कृत गरिनेछ।
५. स्थानीय वातावरण अनुकुल तथा भविष्यमा प्रतिफल दिन सक्ने फलफूल, जडिवुटी तथा वन पैदावरको खेतीलाई प्रोत्साहन गरिनेछ। यसका लागि मागमा आधारित विरुवा वितरणका कार्यक्रम गरिनेछ।
६. पानीका मुहानको संरक्षण गर्दै विभिन्न स्थानमा पोखरी निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
७. वातावरण संरक्षणका लागि विकासका सामान्य क्रियाकलाप संचालन गर्दा समेत वातावरणमा नकारात्मक प्रभाव पर्न नदिने तर्फ ध्यान दिइनेछ।

८. सामुदायिक वन उपभोक्ता समितिको समन्वयमा वन फँडानी गर्ने कार्यलाई निरुत्साहित गर्न विशेष ध्यान पुऱ्याइनेछ। एक सामुदायिक वन एक नर्सरी कार्यक्रम सञ्चालन गरिनेछ।
९. समग्र नगरवासीको लागि सुरक्षित जिरीको कल्पनालाई साकार पार्ने अभियानलाई मद्धत पुग्ने गरि विपद् पूर्व तयारी तथा विपद् पछिको क्षति न्यूनीकरण गर्नका लागि आवश्यक तयारी गर्न विशेष ध्यान पुऱ्याइनेछ। जसका लागि स-साना विपद्को अवस्थामा तत्काल राहत तथा उद्धार कार्य गर्नका लागि वडा कार्यालयलाई सक्षम बनाईनेछ।
१०. विपद् व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, स्थानीय टोल विकास समिति नेपाल स्काउट लगायत सुरक्षा निकायसँग सहकार्य गरि स्वयंसेवक गठन गर्ने नीति अवलम्वन गरिनेछ।
११. प्राकृतिक प्रकोपका कारण बसीरहेको घर पूर्णरुपले क्षति भई अर्को घरको निर्माण गर्नु परेमा त्यस्ता परिवारलाई नगरका तर्फबाट आर्थिक सहायता उपलब्ध गराईनेछ।
१२. नगरको सौन्दर्यलाई कायम गर्न गुँरासका पुराना रुखहरु काट्न निषेध गरि नयाँ गुँरासका विरुवाहरु रोप्न प्रोत्साहन गरिनेछ।
१३. प्राकृतिक श्रोत तथा पर्यावरणमा हानी नपुग्ने गरी कृष्टियन समुदायहरूको समाधीस्थललाई व्यवस्थित गर्न उपयुक्त कार्य गरिने छ।

**नगरस्तरीय गौरवका योजना तथा महत्वपूर्ण योजनाहरु**

१. पटासे डाँडामा निर्माण भई रहेको गुरु रिम्पोर्छे मूर्ति र बौद्ध केन्द्र निर्माण सम्बन्धी कार्यलाई सम्पन्न गर्न आवश्यक सहकार्य गरिनेछ।
२. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी भइ सकेको जिरी काललाई नगरस्तरीय गौरवको प्रमुख योजनाको रुपमा स्वीकृत गरि प्रदेश सरकारसँगको सहकार्यमा यसै वर्ष निर्माण कार्य अगाडि बढाइनेछ।

**सम्मानित नगर सभा सदस्य ज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्ने क्रममा प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने राजनीतिक दलका आदरणीय नेतागण, नगर उप-प्रमुखज्यू, नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, विषयगत समितिका पदाधिकारी ज्यूहरु, बजेट तर्जुमा समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, शिक्षक, नागरिक समाज, विभिन्न संघ संस्था तथा सम्पूर्ण नगरवासी दिदी-बहिनी, दाजु-भाइहरुमा समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद ! अभिवादन !
मित्र बहादुर जिरेल
नगर प्रमुख

**२०७९ असार १० गते, शुक्रवार**